फोन नं. ९८५४०४५३४२

स्थानीय सरकार
फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- २०८२/०८३
च.नं. (Dispatch No.) :-

# लिलाम बिकी सम्बन्धी वोलपत्र आह्वानको सूचना ।

## दोश्रो पटक प्रकाशित मिति : २०८२/०६/२६

फिक्कल गाउँपालिका, वडा नं ३ वान्द्रे स्थितमा मिति २०८१ साल असोज १२ गतेको सुनकोशी नदिमा आएको बाढीले निर्माणाधिन कोल्डस्टोरको भवन क्षति भएकोले उक्त भवनको क्षति भएको भाग भत्काई निस्किएको रड लिलाम बिक्री गर्नुपर्ने भएकोले मान्यता प्राप्त निकायबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) **दिनभित्र न्यूनतम दररेटमा नघट्ने गरी** वोलपत्र पेस गर्नुहुन सार्वजनिक सूचना आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम गाउँपालिकाबाट सुचना प्रकाशित भएको मितिले ७ **(सात) दिन भित्र** प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट रु.१०००।- **(रु.एक हजार मात्र)** दस्तुर तिरी **(पछि फिर्ता नहुने गरी)** फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीको राजश्व शाखावाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायी एवं व्यक्तिले नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र आ.ब.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरीकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फाराम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले ८ **औं दिनको** १२: ०० वजे भित्र फिक्कल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीमा दाखिला गर्नु पर्नेछ । दाखिला हुन आएका दरभाउपत्रहरु ८ **औं दिनको** २:०० **बजे** फिक्कलगाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीमा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै कार्यालय समय भित्र वोलपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

५. दरभाउपत्र खाम बाहिर वोलपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र वोलपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

६. जमानत वापत कबोल गरेको अकंको ५ % हुन आउने रकम यस गाउँपालिकाको प्राईम कर्मसियल बैक फिक्कल शाखा सिन्धुलीमा रहेको **फिक्कल गाउँपालिका ग.३ धरौटी खाता हि.न ०७८०१०००००००२८८००१७९** मा जम्मा भएको सक्कलै भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा **४५ दिन** म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट फिक्कल गाउँपालिकाको नाममा जारी भएको जमानी पत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।

डम्बरबहादुर रजब मगर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

८. एउटा फर्म वा व्यक्ति को नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा व्यक्ति को नाममा दाखिला गर्न पाइने छैन ।

९. दरभाउपत्र दाताले वोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको वोलपत्र पेश गर्नु पर्नेछ ।

१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सवै प्रकारका करहरु वोलपत्र दाता स्वयमले बुझाउनुपर्नेछ ।

११. कुनै सर्त राखी पेश गरेको वोलपत्र उपर कारवाही हुनेछैन ।

१२. सुचना शर्त विपरित भएको, गाउँपालिकावाट उपलव्ध गराइएको वोलपत्र फाराममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन तथा वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१४. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम परिमाण | न्यूनतम दररेट प्रति के.जीं | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | रड लिलाम विकी सम्वन्धी कार्य | ६५०० के.जी. | रु.३०। | कबोल अंकको ५% |

५-२०८२।६।२६

प्रमुख प्रशासकीय अधिकृत

डम्बरबहादुर रजल मगर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner